
Saroj Raj Pant **_Pragnya Sarathi_** *Vol.* 24, 2026, pp.173-187

Publisher: TUTA, Dhawalagiri Multiple Campus, Baglung ISSN: 2392-4438




**Article information**

Received: 26 February 2026
Review: 28 February to 25 March 2026
Revision 26 March to 9 April 2026
Accept: 12 April 2026
Published: 15 April, 2026
DOI: https://doi.org/10.3126/ps.v24i1.92782
Available: www.nepjol.info/index.php/ps

# पर्यटकीय गाउँ घनपोखरा : ग्रामीण पर्यटन विकासका सम्भावना र चुनौतीहरु

**सरोजराज पन्त**

धवलागिरि बहुमुखी क्याम्पस, बागलुङ

**Email:**sarojpanta.sp84@gmail.com

## लेखसार

लमजुङ जिल्लाको घनपोखरा सांस्कृतिक, पर्यापर्यटन र धार्मिक स्थलका रुपमा परिचित छ । यस जिल्लाको मर्स्याङ्दी गाउँपालिका वडा नं. १ मा रहेको घनपोखरा गाउँमा ग्रामीण पर्यटन विकासका सम्भावनाहरूको पहिचान गर्नु, घनपोखरा गाउँमा पर्यटन विकासमा देखिएका सामाजिक, आर्थिक र संरचनागत चुनौतीहरूको विश्लेषण गर्नुमा केन्द्रित रहेको छ । वर्णनात्मक र विश्लेषणात्मक अनुसन्धान ढाँचा तथा गुणात्मक अनुसन्धान विधि र उद्देश्यमूलक नमुना छनोटमा आधारमा यो लेख आधारित छ । प्राथमिक स्थलगत अवलोकन, वडाका जनप्रतिनिधि, पदाधिकारी, होमस्टे तथा पर्यटन व्यवसायी, स्थानीय शिक्षक, कर्मचारी एवम् स्थानीय बुद्धिजीवी, राजनीतिक कार्यकर्तासँग अन्तवार्ता तथा औपचारिक एवम् अनौपचारिक छलफल गरी आवश्यक सूचना तथा तथ्याङ्कहरू संकलन गरिएको छ । द्वितीयक तथ्याङ्कका स्रोत सामग्रीका रुपमा लेख, प्रतिवेदन, समाचार प्रयोग गरिएको छ । यस ठाउँमा रहेको प्राकृतिक सौन्दर्यता, गुरुङ संस्कृति, मनोरम दृश्य, स्थानीय उत्पादन र व्यवस्थापनका नवीन तरिकाका साथै सामाजिक सद्भाव र एकताका कारण आन्तरिक तथा बाह्य पर्यटकहरु आकर्षित बनेका छन् । तापनि पूर्वाधारको अभाव, व्यवसायमा युवा जनशक्तिको कमी, अतिआवश्यक पर्यटकीय पूर्वाधारहरूको विकास र दीगो व्यवस्थापन गर्न नसक्दा अपेक्षित रुपमा ग्रामीण पर्यटनको विकास हुन सकेको छैन । यी समस्याहरूको समाधान गर्न सकेमा यस क्षेत्र दिगो पर्यटकको केन्द्र बन्न सक्ने निष्कर्ष यस लेखले उजागर गरेको छ । यो लेख आगामी दिनमा पर्यटकीय गाउँ घनपोखराको बारेमा अध्ययन अनुसन्धान गर्ने अनुसन्धाता र पाठकका लागि पनि उपयोगी हुनेछ ।

***शब्दकुञ्जी :*** घनपोखरा, पर्यटन, विकास, सम्भावना, चुनौती

*Copyright 2026 © The Author(s): This article is licensed under the terms and conditions of Creative Commons Attribution Non-commercial (CC BY NC) License (https://creativecommons.org/licenses/by-nc/4.0/*

## विषय प्रवेश

नेपालको ग्रामीण पर्यटन विकासमा यस क्षेत्रले उपयुक्त स्थान बोकेको छ। स्थानीय परम्परा, संस्कृति, कलाकौशल, भेषभूषा, जीवनपद्धति र प्राकृतिक सौन्दर्यलाई प्रदर्शन गरी आफूसँग भएको ग्रामीण सम्पत्तिलाई पूँजी वा लगानी गरेर स्वदेशी तथा विदेशी पर्यटकहरूलाई प्रफुल्लित तुल्याई ग्रामीण क्षेत्रको विकास गर्न सकिने सजिलो कार्ययोजना ग्रामीण पर्यटन हो (उपाध्याय रेग्मी र तिवारी, २०६४)। नेपाल भौगोलिक विविधता र प्राकृतिक सम्पदाले विश्वमै अनुपम देश हो । यहाँ अनेक जातजाति, भेषभूषा, संस्कृति र परम्पराहरू रहेका छन । विविध भाषा, कला, रीतिरिवाज, रहनसहन आदि र प्राकृतिक सम्पदाले धपक्क बलेको नेपाल चारैतिर सेतै मुस्कुराउने हिमश्रृङ्खलाहरू, कलकल झर्ने झरनाहरू, शिरशिरे बतासले दुनियाँलाई आकर्षित गरेका छन् । यिनै ग्रामीण क्षेत्रमा रहेका प्राकृतिक, सांस्कृतिक र सामाजिक सम्पदा ग्रामीण पर्यटनका लागि विशेष महत्त्व राख्ने प्रमुख आधारहरू हुन् (पन्त, २०६८)।

नेपाल हरिया जङ्गलका दृश्यहरू, कोइलीले विरह गाउने रुखका कोप्चाहरू, कतै खरैखरका साना झुपडीहरू, कतै आकास महलहरू तथा विभिन्न संस्कृतिले झकिझकाउ र नौलो पहिचान बोकेको छ। सहरी क्षेत्रको कोलाहलयुक्त वातावरण, प्रदूषण, यान्त्रिक जीवनशैली तथा कामको बोझबाट आत्तिएका मानिसहरू एकान्त, शान्त, स्वच्छ तथा स्वस्थ प्राकृतिक वातावरणमा रमाउने, छोटो समयको बिदाको उपयोग गर्ने उद्देश्यले स्वदेश तथा विदेशबाट पर्यटकहरू ग्रामीण क्षेत्रका स्थलहरूको भ्रमणमा आउने गर्दछन् (रेग्मी, २०२५)। प्राकृतिक क्षेत्रमा स्वतन्त्र रूपले घुमफिर गरी आफ्नो उद्देश्य पूरागर्ने कार्यलाई पर्यापर्यटन भनिन्छ। ग्रामीण पर्यटन ग्रामीण क्षेत्रमा सञ्चालन गरिने पर्यटन व्यवसाय हो ( काफ्ले, सन् २०१६) । यो व्यवसाय आजका दिनमा कतिपय क्षेत्रको आयआर्जनको स्रोत बनेको छ । तीमध्ये घनपोखरा पनि एक धेरै महत्वपूर्ण पर्यटकीय स्थान हो ।

समुद्री सतहबाट २१५० मिटर उचाइमा रहेको घनपोखरा, मर्स्याङ्दी गाउँपालिका वडा नं. १ मा अवस्थित छ। यस स्थान लमजुङ जिल्लाको नै सबैभन्दा बढी उचाइमा रहेको गाउँ हो। प्राकृतिक सुन्दरता र मौलिकपनाले भरिपूर्ण उक्त स्थानमा गुरुङ संस्कृतिसहितको होमस्टे निकै प्रसिद्ध छ । लोपोन्मुख नाच जस्तै तामारी छोरीनाच यस स्थानमा संरक्षित छ। घनपोखरा घलेगाउँबाट ३० मिनेटको पैदल यात्रामा पुग्न सकिन्छ (जि.वि.स, लमजुङ, २०७१) । हरियो डाँडाको विचमा सयौं मानिसहरूलाई रोजगार प्रदान गरी डलरको खेती प्रारम्भ गर्न सकिन्छ । चुलोचौकामा सीमित महिलाहरूलाई आयआर्जनमा लगाई समूह र क्लवका कार्यक्रमहरूमा व्यस्त गराई आत्म निर्भर बनाउन सकिन्छ।

## अध्ययन विधि र प्रक्रिया

विश्लेषणात्मक तथा वर्णनात्मक अनुसन्धान ढाँचा तथा गुणात्मक अनुसन्धान विधि र उद्देश्यमूलक नमुना छनोटका आधारमा यो लेख आधारित छ। यो लेख आधारित छ। प्राथमिक स्थलगत अवलोकन, वडाका जनप्रतिनिधि, पदाधिकारी, होमस्टे तथा पर्यटन व्यावसायी, स्थानीय शिक्षक, कर्मचारी एवम् स्थानीय बुद्धिजीवी, राजनीतिक कार्यकर्तासँग व्यक्तिगत अन्तवार्ता र औपचारिक तथा अनौपचारिक छलफल गरी आवश्यक सूचना तथा तथ्याङ्कहरू सङ्कलन गरिएको छ । साथै विभिन्न निकाय एवम् व्यक्तिहरूबाट प्राप्त हुन आएका आवश्यक सूचना तथा जानकारीलाई पृष्ठपोषणहरूको प्रयोग गरी यो लेख तयार गरिएको छ । द्वितीयक तथ्याङ्कका स्रोत तथा सामग्रीहरूका रुपमा लेख, प्रतिवेदन, समाचारलाई प्रयोग गरिएको छ । लमजुङको पर्यटकीय गाउँ घनपोखराको पर्यटकीय जनजीवनको अनुसन्धान गरिएको छ ।

### अध्ययन क्षेत्र

घनपोखरा ५६.४ वर्ग कि.मि क्षेत्रफलको रहेको छ। २८°१६' देखि २८°२४' उत्तरबाट ८४°१६ मिनेट देखि ८४° २४' पूर्वसम्म फैलिएको छ उक्त स्थानको सिमाना समुन्द्री सतहबाट ८५० देखि ६,९८३ मिटरसम्म रहेको छ। यद्यपि, बस्तीहरू ८५० र ४१७५ मिटरको बिचमा मात्र रहेको पाइन्छ (के.त.वि., २०६८) । गाउँको करिब ८०% जङ्गल र रेन्जल्याण्डले ढाकेको छ भने २०% मात्रै मानव

बस्ती र कृषि खेतीअन्तर्गत रहेको छ । कुल जनसंख्या २,८९३ रहेको घनपोखरामा गुरुङ, विश्वकर्मा, ब्राह्मण, क्षेत्री, तामाङ र दमाईलगायत विभिन्न जातजाति छन् । यस गाउँमा ६४८ घरपरिवार भएकोमा बसाइँसराइका कारण अहिले १२० घरधुरी मात्र रहेका छन् (लमजुङ जिल्लाको तथ्यांकीय झलक, २०७४) । 'लमजुङ' शब्दको उत्पत्ति मगर भाषाबाट भएको मानिन्छ । लमजुङ शब्द दुई शब्द 'लम' र 'जुङ' मिली बनेको छ । मगर भाषाका अनुसार 'लम' भनेको अग्लो, लामो र ठुलो हो र 'जुङ' भनेको पहाड पर्वत भएको भूमि भन्ने बुझिन्छ (लमजुङ जिल्लाको वस्तुगत विवरण, २०७४) । त्यसैले 'लमजुङ' शब्दको अर्थ अग्ला, लामा तथा ठुला पहाड पर्वतहरूले बनेको भन्ने बुझिन्छ । लमजुङ जिल्ला ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक, पर्यटकीय र धार्मिक स्थलका रुपमा परिचित छ । शाहवंशी राजाहरु यशोवर्मा शाह, नरभूपाल शाह, द्रव्य शाहले शासन गरेको लमजुङ दरबार, पुरानो कोट, सिन्दुरे ढुङ्गा, जिताकोट, कुन्छागढी, राईनासकोट, भुजुङ घले गाउँ, इलमपोखरी आदि रहेका छन् । यस जिल्ला पर्यटकीय, धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पर्यापर्यटन, एक्सपिडिसन, प्याराग्लाइडिङ, न्याफ्टिङ, हनि हण्टिङ, बन्जी जम्पिङ, ट्रेकिङ माउण्टेनियरिङ आदि विभिन्न सम्भाव्यता बोकेको स्थान हो । घनपोखरामा आदिम कालदेखि मानिसहरू बसोबास गर्दै आएको पाइन्छ (जि.वि.स, लमजुङ, २०७१) । कास्कीको मादीबाट यहाँ गुरुङ जाति आएको तर सात पुस्ताभन्दा अरु थाहा नभएको पाइन्छ ।

## सैद्धान्तिक आधार

### ग्रामीण विकास सिद्धान्त

Michael Todaro ले ग्रामीण विकासलाई केवल आर्थिक वृद्धिसँग मात्र होइन, सामाजिक रूपान्तरण, संस्थागत सुधार र जीवनस्तरको समग्र उन्नतिसँग सम्बन्धित प्रक्रिया मान्छन् । उनका अनुसार ग्रामीण विकासको लक्ष्य ग्रामीण क्षेत्रका मानिसहरूको जीवनस्तर सुधार गर्नु, रोजगारी सिर्जना गर्नु र सामाजिक असमानता घटाउनु हो । ग्रामीण विकास सिद्धान्तले ग्रामीण समाजमा हुने संरचनागत परिवर्तनलाई समाजशास्त्रीय दृष्टिकोणबाट व्याख्या गर्दछ । ग्रामीण क्षेत्रमा हुने पर्यटन प्रवर्धनका क्रियाकलापले नयाँ आर्थिक गतिविधि सुरु हुन गई स्थानीय सामाजिक सम्बन्ध, पेशागत संरचना, लैङ्गिक भूमिका र सांस्कृतिक अभ्यासहरूमा समेत परिवर्तन ल्याँउछ । यस अर्थमा पर्यटन केवल आर्थिक क्रियाकलाप होइन, सामाजिक परिवर्तनको माध्यम पनि हो ।

### दिगो पर्यटन सिद्धान्त

दिगो पर्यटनको अवधारणा पर्यटन विकासलाई दीर्घकालीन रूपमा टिकाउ बनाउने विचारसँग सम्बन्धित छ । यस अवधारणालाई व्यवस्थित रूपमा व्याख्या गर्ने महत्वपूर्ण सिद्धान्त Richard Butler ले प्रस्तुत गरेको Tourism Area Life Cycle (TALC) मोडेल हो । उक्त मोडलमा कुनैपनि पर्यटकीय गन्तव्यले अन्वेषण, सहभागिता, विकास, सुदृढीकरण, स्थिरता, पुनर्जीवन वा पतनलगायतका विभिन्न चरणहरू पार गर्दै जाने बताइएको छ । समाजशास्त्रीय धारणाका अनुसार यस मोडेललाई पर्यटन र समाजबिचको सेतुका रुपमा बुझ्न प्रयोग गरिन्छ । पर्यटनको प्रारम्भिक चरणमा स्थानीय समुदाय र पर्यटकबिच प्रत्यक्ष सामाजिक अन्तरक्रिया हुन्छ । तर पर्यटन अत्यधिक बढ्दा सांस्कृतिक परिवर्तन, वातावरणीय दबाब र सामाजिक असन्तुलन उत्पन्न हुन सक्दछ ।

### समुदायमा आधारित पर्यटन सिद्धान्त

समुदायमा आधारित पर्यटन सिद्धान्त अनुसार पर्यटन विकासमा स्थानीय समुदायको सक्रिय सहभागिता अनिवार्य हुन्छ । यस दृष्टिकोणलाई बलियो रूपमा प्रस्तुत गर्ने विद्वान् Peter and Murphy हुन् । Murphy (१९८५) का अनुसार पर्यटन विकास केवल बाह्य लगानी वा सरकारी योजनाबाट मात्र सफल हुँदैन । यसको सफलता स्थानीय समुदायको स्वामित्व, सहभागिता र लाभको न्यायपूर्ण वितरणमा निर्भर हुन्छ । समाजशास्त्रमा यो सिद्धान्त सामाजिक पूँजी, समुदायिक सहकार्य र स्थानीय सशक्तीकरण जस्ता अवधारणासँग सम्बन्धित छ । जब स्थानीय समुदाय पर्यटन योजनामा प्रत्यक्ष सहभागी हुन्छ । उनीहरूले आफ्नो संस्कृति, परम्परा र प्राकृतिक स्रोतको संरक्षणमा बढी जिम्मेवारी

लिन्छन् । घनपोखराको सन्दर्भमा समुदायमा आधारित पर्यटन अत्यन्त महत्वपूर्ण देखिन्छ । यहाँ स्थानीय बासिन्दाले होमस्टे सञ्चालन, सांस्कृतिक कार्यक्रम आयोजना, स्थानीय उत्पादन बिक्री र पर्यटक मार्गदर्शन जस्ता गतिविधिमा सहभागिता जनाउन सक्छन् । यसले पर्यटनबाट प्राप्त लाभ स्थानीय स्तरमै रहने सुनिश्चित गर्दछ ।

## पत्ता लगाइएका विषयवस्तुहरू

अवलोकनले नेपालको समृद्ध र लामो समयदेखिको पर्यटन सम्पदालाई उजागर गर्दछ। यसको जरा प्राचीन कालदेखि नै फैलिएको छ । शताब्दीयौंदेखि यो देशलाई मुख्यतया छिमेकी चीन र भारतले मान्यता दिएको थियो । धार्मिक तीर्थयात्री र अन्य यात्रीहरूले आध्यात्मिक र दर्शनीय उद्देश्यका लागि नेपालको भ्रमण गर्दर्थे। यी भ्रमणहरूले सांस्कृतिक र धार्मिक अन्वेषणका लागि एक महत्वपूर्ण गन्तव्यको रूपमा नेपालको प्रतिष्ठामा योगदान पुऱ्याए । उल्लेखनीय आगन्तुकहरूमध्ये गौतम बुद्ध थिए (गौतम, २०२३) । यसको शिक्षा र जीवन कथा नेपालका ऐतिहासिक स्थलहरूसँग नजिकबाट जोडिएको छ । ह्वान त्साङ र हुएन्चे जस्ता चिनियाँ यात्रीहरूले आफ्नो यात्रा र अनुभवहरूलाई दस्तावेजीकरण गरे (पुरी, २०५६) । तिनीहरूका विस्तृत विवरणहरूले नेपाललाई पर्यटकीय गन्तव्यको रूपमा स्थापना गरी यसको स्थायी आकर्षणमा बहुमूल्य अन्तर्दृष्टि प्रदान गर्दछ। यसले यस देशको ऐतिहासिक महत्व र प्राकृतिक सौन्दर्य उद्घाटन/उजागर गर्दै यो यथार्थलाई विश्वसामु प्रदर्शन गर्नमा समेत मद्दत गर्दछ । २००७ सम्म, नेपाल विश्वव्यापी पर्यटन नक्सामा केही हदसम्म रडारमा रह्यो, जुन यसको आध्यात्मिक र सांस्कृतिक आकर्षणहरूका लागि धेरै परिचित छ (पोखेल र कार्की, २०५५) । यसले विश्वभरबाट आगन्तुकहरूलाई आकर्षित गर्दछ ।

### घनपोखराको हावापानी

घनपोखराको हावापानी उप-उष्णकटिबंधीय छ, तर उच्च उचाइमा यो अल्पाइन भएको पाइन्छ। औसतमा न्यूनतम तापमान २७ डिग्री सेल्सियस र १५ डिग्री सेल्सियस, औसत वर्षा प्रति वर्ष १५२ मिलिमिटर हुने गर्दछ। खुदी मौसम विज्ञान केन्द्र, लमजुङमा ४५ वर्षको अवधि (१९६५-२०१०) मा रेकर्ड गरिएको वर्षा तथ्याङ्कको विश्लेषण अनुसार प्रि-मनसुन (मार्च-मे) र जाडो अवधि (डिसेम्बर-फेब्रुअरी) मा वर्षाको मात्रा अलिकति बढिरहेको देखाउँछ । मनसुन (जुन-सेप्टेम्बर) र पोस्ट-मनसुन (अक्टोबर-नोभेम्बर) अवधिहरूमा घटदैं जान्छ । यसबाहेक प्रिमनसुन अवधिमा वर्षा दिनहुँ बढ्दै जान्छ ।

### विकासका पूर्वाधार

जिल्लाको उत्तरी भेग मर्स्याङदी गाउँपालिका घनपोखरा गाउँमा बिजुली पुगेसँगै त्यहाँका स्थानीय खुसीले मक्ख परेका छन् । बिजुलीबिना जीवन निर्वाह गर्दै आएका गाउँहरुको विद्युत संरचना जडान भएपछि जनजीवन सहज बनेको छ । नेपाल विद्युत प्राधिकरण लमजुङ वितरण केन्द्रअन्तर्गत घनपोखरादेखि जिम्दो तथा प्रोविका विभिन्न स्थानहरूमा ११ के.भी. लाइनमार्फत विद्युत जडान गरी गाउँमा विद्युत प्रसारण भएको छ । गाउँमा बिजुली बत्तीको पहुँच नहुँदा सोलार, मैनबत्ती र टुकीको भरमा जीवन धान्दै आएका स्थानीय जनता विद्युत आएपछि हर्षित छन् । बिजुलीबत्तीको पहुँचको अभावमा अँध्यारोमै जनजीवन चलाउँदै आएका स्थानीयले अहिले उज्यालोमा बस्न पाउँदा संघीयताको अनुभूति गर्न पाएका छन। गाउँमा बिजुली पुगेसँगै बालबालिकाहरूलाई पठनपाठन गर्न, नेट इन्टरनेटको प्रयोग गर्न, आधुनिक प्रविधियुक्त विद्युतीय सामग्रीहरू प्रयोग गर्न सहज भएको छ ।

> *खुदी-सिम्पानी-घनपोखरा मोटरबाटो निर्माण तथा उपभोक्ता समितिका सचिव कृष्ण विकका अनुसार गाउँमा मोटर पुगेको खुसियालीमा स्थानीय वासिन्दाले भोजभतेर गरेर नाचगान गरी खुसियाली मनाएका थिए ।*

गुरुङ जातिको उद्‌गमस्थल लमजुङको घनपोखरामा पहिलोपटक मोटर पुगेको छ । सदरमुकाम वेसीशहरदेखि उत्तरी लमजुङको खुदी, सिम्पानी, भाचे, नाँयु हुँदै घनपोखरा गाउँमा मोटर पुगेको हो ।

झण्डै २० किलोमिटरको सो सडक खण्डमा यसअघि खुदीको झण्डै साढे ७ किलोमिटरसम्म मोटर गुडेको थियो । गाउँमा पहिलोपटक पुगेको मिनिवसलाई स्थानीय तमु जनजागृति आमा समूहको सक्रियतामा स्थानीय वासिन्दाले भव्य स्वागत र अविरजात्रा गरेका छन् ।

> *"होमस्टे व्यवसायी कालीकुमारी गुरुङका अनुसार यसअघि गाउँमा केही सार्वजनिक धारा भए पनि प्रर्याप्त पानी नहुँदा निकै सास्ती भएको थियो । पहिला गाउँभन्दा निकै पर कुवाको पानी बोक्नुपर्थ्यो, अहिले घरघरै धारा आएको छ, खानेपिउनेसँगै यही पानीबाट अर्गानिक तरकारीसमेत उत्पादन गर्दछौँ ।"*

भौगोलिक रूपमा जिल्लाकै विकट मध्येको एक घनपोखरा गाउँमा घरघरै खानेपानी धारा बनेपछि पानी बोक्नुपर्ने समय अन्य घरायसी कामका लागि बचत भएको छ। गण्डकी प्रदेश सरकारको एकघर एकधारा अभियानअन्तर्गत घनपोखराका १ सय ३० घरमा धारा निर्माण भएको हो। खानेपानीको समस्या भोग्दै आएका स्थानीय जनता घरआँगनमै खानेपानीको धारा आएपछि निकै खुसी छन् । जिल्लाकै सवैभन्दा उचाइमा रहेको पर्यटकीय गाउँमा वर्षौं देखिको खानेपानी समस्या झेल्दै आएका स्थानीय अहिले घरघरै धारा आएपछि खुसी मात्रै होइन व्यवसायको समेत सोच बनाइसकेका छन् ।

## वनपैदावार

घनपोखराको अधिकांश वन क्षेत्र अन्नपूर्ण संरक्षण क्षेत्रमा पर्दछ। चिलाउने (स्चिमा वालिची), युटिस (अल्नस नेपलेन्सिस), कटुस (कास्टनोप्सिस इंडिका), चाँप (मिचेलिया च्याम्पक्टा), चिर पाइन (पाइनस रोक्सबर्गी), चन्दन (सेन्टालम एल्बम), र ड्रोपिङ जुनिपर (जुनिपेरस रिकुर्भा) आदि रूखहरू यहाँका वोटविरुवाका सामान्य प्रजातिहरू हुन् । यो क्षेत्र औषधीय वनस्पतिमा धनी छ । यहाँका वनस्पतिमा निर्मासी (डेल्फिनियम हिमालय), जटामासी (नार्डोस्टाचिस जटामांसी), पाँच औंले (डाक्टाइलोरहिजा हाटागिरिया), चिरैतो (स्वर्टिया चिरायिता), पिप्ला (पाइपर लङ्गम), सतुवा (ओर्चीलफरिया) सिरोसा), कुरिलो (एस्पारागस रेसमोसस), घोट्टाप्रे वा घोर्टाप्रे (सेन्टेला एसियाटिका) का साथै उच्च मूल्यको यार्सागुम्बा पनि घनपोखरामा पाइन्छ । हिमालयन कस्तुरी मृग (मोस्चस क्रिसोगास्टर) यस क्षेत्रमा पाइन्छ । घनपोखरामा गोठालाहरूले गाईवस्तुहरू चराउने खर्कका नामले चिनिने धेरै चरन क्षेत्रहरू छन् ।

## सामाजिक र आर्थिक जनजीवन

राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालमा १४२ जातजातिहरू रहेका छन् । लमजुङ जिल्लामा बसोबास गर्ने विभिन्न जातजातिहरू जनसङ्ख्या मध्ये सबैभन्दा बढी गुरुङ जाति रहेका छन् । दोस्रोमा क्षेत्री, तेस्रोमा ब्राह्मण, चौथौमा कामी र पाँचौमा तामाङ रहेका छन् । सबैभन्दा कम जनसङ्ख्या सोनार जातिको रहेको छ (केतका, २०७९) । घनपोखराका मानिसहरूको जीविकोपार्जन कृषि, पर्यटन वा होमस्टे र पशुपालन हो । रेमिट्यान्स, पेन्सन, कृषि र गैरकृषि श्रमजस्ता आम्दानीका थप स्रोतहरू भएकाले सबै घरपरिवार कृषिजन्य गतिविधिमा संलग्न छन् (पन्त, २०७४) । खेतीबाली र पशुधनद्वारा जीविकोपार्जन चलेको छ। यहाँका बालीहरू धान, मकै, कोदो, आलु, मौसमी फलफूलहरू, सोयाबिन र मटरकोसा हुन् । आलु प्रमुखतः जाडो मौसमी बाली हो । कोदो, जौ केही किसानहरूले मात्र उब्जाउँछन् । भेडा (बरुवाल नस्ल), बाख्रा (सिंहलनस्ल), भैंसी र कुखुरा प्रमुख पशुहरू हुन् । सिँचाइका श्रोत र उपलब्धता मनसुन वर्षामा निर्भर छ। पछिल्ला वर्षहरूमा वर्षाको समय र मात्रामा अनियमितता भएकोले बाली उत्पादक कृषक समुदायमा नकारात्मक असर पारेको छ ।

घनपोखरामा मलको प्रमुख स्रोत पशु मल हो । खुला गोठको प्रयोग गर्नु स्थानीयको अर्को अभ्यास हो । मलको अर्को स्रोत जाडोमा जनावरलाई खेतमा राख्ने परम्परागत हो । यसैले विद्यमान खेतीयोग्य जमिनमा खेती गर्ने क्षमता बढाउँछ। कृषि निर्णय लिने र कार्य विभाजनमा लैङ्गिक भूमिकाले कृषि जैविक विविधतामा प्रभाव पारेको छ । कुन बाली र प्रजाति रोप्ने, प्रविधि अपनाउने र कामको भार विभाजन गर्ने निर्णय सही हुँदै आएको छ (पन्त, २०७४) । औसतमा यहाँ मुख्य खाद्यबालीमा आत्मनिर्भरता करिव छ महिनाभन्दा कम रहेको छ। गुरुङ परिवारमा सबैभन्दा बढी खाद्यान्न पर्याप्तता

आठ महिना छ भने दलित परिवारमा सबैभन्दा कम चार महिना रहेको छ। घनपोखरामा मौसमी खेती हुने भएकाले तरकारी औसत ५ महिना मात्रै पुग्छन् ।

**पर्यटकीय गन्तव्य र जनजीवन**

घुम्नैपर्ने ठाउँमा पर्ने यो गाउँमा पर्यटक बस्नलाई होमस्टेको सुविधा छ। यहाँ पुग्ने जोकोही प्रकृति र संस्कृतिसँग लुकामारी खेल्दै गाउँले जीवनशैलीमा रमाउन पाउँछन्। सहरको कोलाहलबाट टाढा, नदी र खोलाको सुसेली, चराचुरुङ्गीको चिरबिर आवाज, हिमालमुनिको स्वच्छ हावापानीले लोभिर्दै पर्यटकहरू यहाँ आउँदछन । ढिँडो र लोकल कुखुराको मासुलगायत अर्गानिक खानाले पर्यटकहरूलाई आकर्षित गर्दछ ।

*पर्यटन अभियन्ता प्रेम घलेका अनुसार, २०५६ मा घलेगाँउवासीले पर्यटन प्रवर्धन कार्यक्रम सुरु गरेपछि आन्तरिक पर्यटक आउन थालेका हुन् । अहिले स्मार्ट भिलेज बनाएकाले ४० होमस्टे सन्चालनमा रहेका छन् । यहाँको खानपान हाइजेनिक छ । बेडदेखि कोठामा एकरुपता छ । पाहुनाको स्वागत र विदाइ हुन्छ । घुम्ने ठाउँ बनाएका छौं । यो हाम्रो दुई दशकको मिहिनेत हो । संसारमै घलेगाउँको बयान चलाउन गाउँका सबै खाले दृश्य समेटिएको म्युजिक भिडियो निर्माण गरिएको छ ।*

यहाँ लमजुङ हिमालसहित अन्नपूर्ण, माछापुच्छ्रे, मनास्लु, बौद्ध, गणेशलगायत हिमशृङ्खलाले आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्ने गरेको छ । यहाँका प्राकृतिक तथा सांस्कृतिक सम्पदालाई पदयात्रा पर्यटनसँग जोड्न थालिएको हो । आर्थिक, सामाजिक, सांस्कृतिक, श्रम र श्रमिक विकासमा महत्वपूर्ण योगदान रहेको छ (शेर्पा, २००९) । अहिले आन्तरिक पर्यटक आउन थालेकाले होमस्टे सञ्चालनमा छन्। यहाँको खानपान बेडदेखि कोठामा एकरुपता छ। यसले गर्दा पर्यटकको घनपोखराका प्राकृतिक र सांस्कृतिक पदयात्रा पर्यटनसँग जोडिँदै आएको छ ।

*होमस्टे सञ्चालक गोमा गुरुङका अनुसार यहाँबाट देखिने लमजुङसहित अन्नपूर्ण, माछापुच्छ्रे, मनास्लु, बौद्ध, गणेशलगायत हिमशृङ्खलाले यस स्थानको महिमा बढाउनुका साथै आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्ने गरेका छन् ।*

दृश्यावलोकन असल भए तापनि गाउँमा परम्परागत घाँटु, कृष्ण चरित्रलगायत नृत्य संरक्षण गरी राखिएकाले यसको प्रवर्द्धन गर्नुपर्ने जरुरी छ । गाउँमा भित्रिएका पर्यटकलाई इच्छाअनुसार स्थानीय उत्पादित विभिन्न खानाका परिकारहरूको स्वाद खुवाउन सकेमा पर्यटकको सङ्ख्या बढाउन सकिन्छ ।

*गण्डकी प्रदेशका संस्थापक अध्यक्ष एवं गुरुङ सम्पदा पदमार्ग कार्यक्रमका संयोजक बोबरजङ्ग गुरुङका अनुसार घनपोखराको पर्यटकीय महत्वलाई उजागर गर्न गुरुङ सम्पदा पदमार्गअन्तर्गत यसलाई समेट्दै पदयात्रा पर्यटनको गन्तव्य बनाउन खोजिएको छ ।*

अन्नपूर्ण पदमार्गको छेउछाउ भएकाले यहाँ आउने आन्तरिक पर्यटकलाई यस गाउँबारे धेरैलाई थाह छ। अहिले यहाँ मोटर बाटो आएको छ ।

*होमस्टे व्यवस्थापन समितिकी उपाध्यक्ष विष्णु गुरुङका अनुसार पाउँदीबाट डेढ घण्टामा पुग्न सकिने राइनासकोटसम्मको बाटो सञ्चालनमा रहेको छ । धेरैजसो, ठाउँमा यातायातको सुविधा भएपछि पर्यटक सिधै होमस्टेका लागि पुग्ने गरेका छन् ।*

बेंसीसहर आइसकेपछि यी गाउँ पुग्न जिपको व्यवस्था छ। लमजुङ घुम्न आउँदा तनहुँको डुम्रे भएर आउनुपर्दछ । बेंसीसहरबाट १ घण्टादेखि २ घण्टाका बिच सबैजसो होमस्टे गाउँमा जिप पुग्छन् (पन्त, २०७४) । कास्की र लमजुङका विभिन्न गाउँ हुँदै लमजुङ र मनाङको सीमा क्षेत्रमा पर्ने दुधपोखरी, मनाङको तिमाङलगायत स्थानलाई जोड्ने गरी विभिन्न विकल्पका साथै १०-१२ दिनसम्मको पदयात्रा गर्न सकिने गुरुङ सम्पदा पदमार्गको तीन चरणसम्म खोज तथा प्रवर्धन कार्यक्रम गरिसकेको छ । सन् २०२६ देखि यस पदमार्गलाई सञ्चालनमा ल्याउने तयारी रहेको छ । पदमार्ग सञ्चालनसँगै यससँग समेटिएका घनपोखरासहित प्राचीन गुरुङ गाउँहरूको पर्यटकीय महत्व उजागर हुनेछ । गुरुङ

गाउँहरूमा प्रचलित प्राचीन संस्कार तथा संस्कृतिलाई भावी पुस्तामा पुस्तान्तरणसँगै यिनीहरूको पर्यटकीय उपयोग गर्नमा पदमार्गलाई पदयात्रा पर्यटनसँग जोड्न थालिएको छ ।

*तुलबहादुर गुरुङ, पर्यटन व्यवस्थापन उपसमिति भुजुङका अध्यक्षका अनुसार नेपालकै ठुलो गुरुङ गाउँमध्येको एक भुजुङमा करिब ४ सय घर छन् । पश्चिमोत्तर क्षेत्रमा भुजुङभन्दा माथि कुनै गाउँ छैन। ठुलो अनि सुन्दर गाउँ भएकैले पर्यटनको रोजाइमा पर्ने गरेको छ। घुम्न आउनेलाई भुजुङ नआउँदा एउटा इतिहास छुट्छ। यो गाउँ ७ सय वर्ष पुरानो मानिन्छ। गाउँका २२ घरमा होमस्टे छन्। परम्परागत घर, न्यानो आतिथ्य, स्थानीय संस्कृति, प्राकृतिक दृश्यावलोकनले पर्यटक लोभिने गरेका छन् ।*

२०७२ सालको भूकम्पले भत्किएको घरलाई अमेरिकी नागरिक नताशा वजनियकको सहयोगमा पुनर्निर्माण गरेपछि राइनमसकोटको १४ घरमा होमस्टे रहेका छन् । भिटोफले सन् २०१८ मा उत्कृष्ट होमस्टे घोषणा गरेको राइनासकोट तनहुँको सीमाक्षेत्र पाउँदीबाट जान सकिन्छ । राइनासकोटमा १५ औं शताब्दीमा तत्कालीन लमजुङका राजा यशोब्रह्म शाहका कान्छो छोरा द्रव्य शाह बसेको इतिहास छ ।

*बाइसे चौबिसे राज्य शासनकालमा निर्माण गएिका किल्ला, स्थानीय कालिका, कोटेश्वर महादेव, थानीमाई मन्दिर र अन्य कोट तथा गढी छन् । लमजुङ उद्योग वाणिज्य संघका गण्डकी प्रदेश सदस्य रामकुमार श्रेष्ठका अनुसार होमस्टे आन्तरिक पर्यटकको गन्तव्य बनेको छ। 'प्रकृतिको स्वादसँगै स्थानीय कला-संस्कृति, रहनसहन, प्राकृतिक छटा हेर्नकै लागि पर्यटक लमजुङ आउने गरेका छन्।'*

समुदायमा आधारित पर्यटन सिद्धान्तको महत्वपूर्ण पक्ष सामाजिक एकता हो । जब समुदायले सामूहिक रूपमा पर्यटन व्यवस्थापन गर्दछ तब सामाजिक सहकार्य, विश्वास र पारस्परिक सहयोगको भावना बलियो हुन्छ । यसले ग्रामीण समाजको सामाजिक पूँजीलाई सुदृढ बनाउँछ । यदि स्थानीय समुदायको सहभागिता कमजोर भयो भने पर्यटनबाट प्राप्त लाभ बाह्य लगानीकर्तामा केन्द्रित हुन सक्दछ । यसले सामाजिक असमानता बढाउन सक्दछ । त्यसैले समुदायमा आधारित पर्यटन सिद्धान्तले पर्यटन विकासलाई समावेशी, न्यायपूर्ण र दिगो बनाउने मार्गदर्शन प्रदान गर्दछ ।

*रामकुमार श्रेष्ठका अनुसार 'गाउँ भित्रिँदा टीका र फूलमालाले स्वागत गर्नुका साथै बेलुका खानपिन र बसाइँको उचित प्रबन्ध गर्ने घनपोखराका स्थानीयले बेलुका घाँटु, कृष्ण चरित्रजस्ता संस्कृति देखाउँछन् भने फर्कंदा पनि त्यही अनुरुप बिदाइ गर्दछन् ।'*

स्थानीय उत्पादित परिकारहरूको स्वादसँगै यहाँका प्राकृतिक सौन्दर्यताको अवलोकन गर्न स्वदेशी एवम् विदेशी पर्यटकहरू यहाँ आउने गर्दछन् । यसले गर्दा घनपोखरा आँखैअगाडि देखिने हिमशृङ्खला, नजिकै रहेका मिदिम र मर्स्याङ्दी खोलासँगै गाउँमाथि मानव बस्ती नभएकाले चराचुरुङ्गीको चिरविराहट पर्यटकको रोजाइमा पर्ने गरेको छ ।

गण्डकी प्रदेशले पर्यटकीय गन्तव्य स्थलमा घलेगाउँ, यशोब्रह्म शाहको लमजुङ दरबार, भुजुङ, राइनासकोट, घनपोखरा, सिउरुङ, काउलेपानी, इलमपोखरी, इशानेश्वर र दुधपोखरीलाई घोषणा गरिसकेको छ । इशानेश्वर क्षेत्रमा पनि बसोबासका लागि होटल तथा लज छन् । दुधपोखरीका लागि ठाउँठाउँमा बास बस्ने धर्मशाला तथा गोठहरू भए पनि खानाको व्यवस्था भने आफैंले गर्नुपर्छ । पछिल्लो समयमा पर्यटकको रोजाइमा परेका गाउँ खासुर, ताघ्रिङ, पसगाउँ, हिलेटक्सार, तार्कुगहते, पुरानकोट, तुर्लुङकोट, नरुवल मगरगाउँ, भुस्मेलगायत रहेका छन् (पन्त, २०७८) । यस बिषयमा मर्स्याङदी गाउँपालिकाको धारणा :

*मर्स्याङदी गाउँपालिकाका रुद्रमान गुरुङका अनुसार हिमपातपछि वडाका पर्यटकीय गाउँमा पर्यटकहरू आउने गर्दछन् । घनपोखराका होमस्टे, नायुका होटलहरू भरिभराउ हुने गर्दछन् । बर्षेनि हिमपातपछि गाउँठाउँ सेताम्मे हुने र हिउँ खेल्न पाहुना आउने गर्दछन' । 'पर्यटक बढी आउने भएकाले व्यवस्थापनमा समस्या हुने गर्दछन । घनपोखराका २३ होमस्टे, नायुका पाँच होटल पर्यटकले भरिएका थिए । यसैगरी स्थानीय तुलबहादुर गुरुङका अनुसार एक सय बढी*

*पर्यटक घनपोखरा क्षेत्रमा हिउँ खेल्न पुग्दछन् । यसअघि शून्य पर्यटकीय गाउँठाउँ अहिले पर्यटकले भरिएको छ ।*

होटल रेष्टुरेण्ट गतिविधिबाट पर्यटनको विकाससँगै देशको बेरोजगारी समस्या हल भएको छ। यसबाट आर्थिक विविधता जस्तैः आय, प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी तथा श्रम प्रदान भएको छ (उपाध्याय, २००६)। यसले आय-आर्जनको अवसर प्रदान गरेको छ। घनपोखरामा हिमपातपछि पर्यटकीय गतिविधि बढेको र पर्यटन व्यवसाय सहज बन्दछ। एकैपटक फिस्टेल हिमाल, अन्नपूर्ण, लमजुङ पहिलो, दोस्रो र तेस्रो हिमाल, मनास्लुलगायतका एकदर्जन हिमाल नजिकबाट अवलोकन गर्न पाइने भएकाले आन्तरिक तथा बाह्य पर्यटकहरू आकर्षित हुने गरेका छन्। गाउँघरका परम्परागत संस्कृति, रहनसहन तथा मौलिक उत्पादन तथा सेवाले पर्यटकलाई होमस्टेले आकर्षित गरेको छ।

*स्थानीय ढिकेन्द्र गुरुङ (वर्ष २८) का अनुसार स्थानीय व्यवसायमा युवाको आकर्षण नहुनुमा छ सात कक्षा पढ्दापढ्दै छोड्ने, शिक्षामा जोड नदिने र बिदेसिने गरेको पाइन्छ ।*

युवाको आकर्षण गाउँघर र परम्परागत पेसामा भएन । सानो कक्षामा पढ्दापढ्दै छोड्ने गर्नाले रोजगारमा समस्या रहेको छ। शिक्षामा जोड नदिने र विदेशी भूमिमा काम गर्न जानेको सङ्ख्या बढ्दै गएको छ । छुवाछुतको समस्या पनि केही रहेको छ । गुरुङको घरमा दलित पस्ने नगर्ने अन्तर्जातीय विवाह भए परिवारले स्वीकार नगर्ने भएकाले जातीय विवाद हुने गरेको पाइन्छ । यहाँका मानिसहरु केवल स्वास्थ्य, शिक्षा, रोजगार महत्वपूर्ण सुविधाको खोजीमा बेसीसहर, पोखरा, काठमाडौँ आदि सहरी क्षेत्रतर्फ बसाइँसराइ गर्ने गरेका छन् । बाहिरबाट बसाइँसराइ गरी आउने सङ्ख्या छैन । कृषिमा आधुनिकीकरण नहुँदा र दिगो विकासमा जोड दिन नसक्दा समस्या रहेको छ। दिगो सडक विस्तार गर्नमा जोड दिएमा र स्थानीय उत्पादनमा आत्मनिर्भर बन्न सकेमा सहज हुने देखिन्छ (पन्त, २०७८)। अपेक्षित शिक्षाको अभावका कारण परम्परागत कृषि पेसा र पशुपालन पालेर जीविकोपार्जन गरेको अवस्था छ। भैसी, भेडा, गोरु, कुखुरा, बाख्रा गोठमा राख्छन् । तर दुहुनो भैसी घरमा र अरु गोठमा टाढा राख्दछन् ।

*पहिलेको फुपू चेला मामाको चेली विवाह गर्ने चलन हराउँदै गएको छ । चार जाति र १६ जातिबिच वैवाहिक सम्बन्ध नरहेको अन्तरजातीय विवाहपछि सम्वन्ध राम्रो नरहेको पाइन्छ । धामी-झाँक्रीप्रति विश्वास राख्ने ५० प्रतिशत रहेका छन् भने स्वास्थ्यचौकी माथि विश्वास गर्ने पनि ५० प्रतिशत छन् । गुम्बामा ज्ञान लिन जाँदा माइलो छोरा लामा र माहिली छोरी झुमा रहने चलन थियो । होमस्टेमा पुरुष र महिलाको संलग्नता बराबर रहेको छ । निर्णयकारी भूमिकामा महिलाको संलग्नता रहेको छ ।*

फुपू मामाको छोरी विवाह गर्ने चलन हराउँदै गएको छ। चार जाति र १६ जातिबीच वैवाहिक सम्बन्ध नरहेको अन्तर्जातीय विवाहपछि सम्वन्ध राम्रो नरहेको पाइन्छ। धामी-झाँक्रीप्रति विश्वास गर्ने चलन छ। मृत्य शरीर डाँडामा लगेर जलाउने र चिहान जतन राख्ने, महिला पुरुषको चिहान छुट्टाछुट्टै हुने चलन छ।

*स्थानीय शारदा माविका शिक्षक सुजन ढकाल (बर्ष २८) का अनुसार बेसीसहरबाट हिँडेर ५-६ घण्टा र गाडीमा २-३ घण्टा लाग्ने साबिकको घनपोखरा गाउँ अहिले मस्याङ्दी गाउँपालिका बनेको छ ।*

विद्यालयमा अहिलेसम्म मा. बि. दरबन्दीमा शिक्षक नरहेको र विद्यार्थी कम रहेको अवस्था छ। स्थानीय तहको संरचना बनेपछि मुखिया प्रथा हटेको छ। विकासका सम्भावना, पर्यटनको विकास, पूर्वाधारको विकास, शिक्षा, संचार,यातायातमा क्रमिक सुधार भएको छ।

*स्थानीय दिकेन्द्र गुरुङ (वर्ष २७) का अनुसार पाहुना विकासको लागि सबै सुविधा भए राम्रो हुन्थ्यो । पर्यटक आउँदा होमस्टेमा बसे खाएको रकमको दस प्रतिशत सेवा शुल्क वापत कर लिने र सो रकमले गाउँमा वल्व राख्न र बत्ति बाल्ने काममा सघाउने गरेको पाइन्छ ।*

स्थानीय विशेष खानेकुराको स्वाद लिई पर्यटकहरू आकर्षित बन्न पुग्छन् । यहाँ आतिथ्य सत्कारका साथ साथै विभिन्न खालका सामग्री तथा घरेलु उत्पादनका कृषि, खाद्यन्नहरूको खपत हुने गर्छ (सापकोटा, २०१३) । यहाँको कृषि उत्पादनले बजार नपाएको गुनासो स्थानीयवासीको छ । कृषि

पेशा गर्ने मकै, कोदो, गहुँ, आलु उत्पादन गरेतापनि महंगी बढ्ने र पर्यटन आएर पनि कृषकलाई केही फाइदा छैन ।

*स्थानीय परशुराम गुरुङ (वर्ष ७४) का अनुसार पहिले धेरै रोधी बसेका स्थानीयबासीले मायाप्रेमका गीत गाउने गाउदै जादा धेरै दिनरात गाइन्थ्यो ।*

स्थानीयबासीका अनुसार पहिलाको सतीको समय अनि कलीको समय र अहिलेको छलीको समयले कलिलेगर्दा रोधी हटेको हो । रोधी हटेको राम्रो भएको छ किनकि यसले समाजमा धेरै बिकृति ल्याएकाले हटेको राम्रो मानिन्छ ।

*स्थानीय ऋषिराम गुरुङ (वर्ष ६०) डोको, डालो, सेखु बुन्ने र स्थानीयस्तरमा बेचिने बढीमा एक हजारमा बेचेर जीविको पार्जन गर्ने गर्दछन ।*

यस क्षेत्रको विकासमा व्यापार व्यवसाय, रोजगारदाता, कामदार व्यवस्थापन आदि पक्षहरूको महत्वपूर्ण भूमिका रहने गर्दछ । यसले होटल रेष्टुरेण्टमा संलग्न मानिसहरूको जीवनस्तर उकास्न, आर्थिक वृद्धि तथा गरिबी निवारण गर्न मद्दत पुर्‍याउँछ (प्रधान, २००३) । डोको, डालो, सेखु बुन्ने र स्थानीयस्तरमा बेचिने र जिविको पार्जन गर्न सहज हुन्छ । पाहुनालाई आवश्यकता अनुसारका सबै सेवा सुबिधा दिन सकेमा पाहुना बढने र यस्ता सथानीय बस्तु समेतले राम्रो बजार पाउने देखिन्छ । पाहुनालाई आवश्यकता अनुसारका सबै सेवा सुबिधा दिन सकेमा अति राम्रो हुने देखिन्छ ।

*स्थानीय गुम गुरुङ (वर्ष ४५) का अनुसार सत्र घर परिवारले होमस्टे सन्चालन गरेका छन । व्यवसायिक रुपमा सात वर्षदेखि होमस्टे सुरु भएको पहिलो एक्यापले गरेको र अहिले समुदायले संचालन गरेको छ । पहिले बिदेशी आउने गरेकोमा अहिले स्वदेशी बढी आउने गरेका छन ।*

सडकको समस्याका कारण जेठ देखि भदौसम्म यातायात संचालनमा समस्या हुने गरेको छ । आलु र सिस्नु यस गाउँबाट बाहिर जानेगरेको छ । गाउँमा स्थानीय उत्पादनभन्दा बाह्य उत्पादनमा निर्भर हुनु पर्ने अवस्था छ ।

*स्थानीय चिचिला गुरुङ (वर्ष ७१) का अनुसार गाउँमा सबै गुरुङ भाषा बोल्ने घाटु चरित्रमा टाढा-टाढाबाट आफन्त जन आउने रमाइलो हुने गरेको छ । दश बाह्र बर्ष पहिलेसम्म रोधी प्रचलनमा रहेको भएपनि अहिले हराएको छ । दिनभर काम गरेर रातभर केटाकेटी जम्मा भएर रोधीघरमा जाने रोधीमा नाच्ने गाउने र केटा केटीहरु रमाइलो गर्ने राती त्यही सुत्ने वा घर जाने रमाइलो गर्ने गरिन्थ्यो । अहिले यो हटेको छ ।*

आन्तरिक पर्यटनहरू मनोरञ्जनका लागि आउने गर्दछन । बाहिरी देशका पर्यटक केही आउने गर्दछन । आमा समूहको गित कौडा गित, घाटु नाच प्रचलनमा रहेको रोधी हराएको रोधी हराउनुमा आधुनिक शिक्षा र सामाजिक विकृतिका कारण रहेका छन ।

## यस गाउँमा आएका परिवर्तनहरू

कच्ची सडक भए पनि सामान ढुवानी आवतजावतमा क्रमशः सुधार हुँदै आएको छ । होमस्टेबाट रोजगार प्राप्त भैरहेको छ । महिलाहरू सक्रिय बनी निर्णय गरेका कामहरू पूरा हुँदै आएका छन् । आयआर्जनमा वृद्धि हुदैँ आएको छ । स्वदेशमै बसेर पनि केही गर्न सकिन्छ भन्ने भावनाको विकास हुँदै आएको पाइन्छ । स्वदेशमै भएतापनि जनसंख्या वृद्धि दरमा कमी आएको छ (पन्त, २०७८) । खेतीपाती गर्न पशुपालन भेडीगोठबाट आम्दानी गर्न सहज बन्दै गएको छ । आधुनिक प्रविधिबाट खेतीपाती, आधुनिक मल विऊ आदिबाट उत्पादनमा वृद्धि हुँदै स्वरोजगार र आत्मनिर्भर बन्न सहज भएको छ । होमस्टे, कृषि, पशुपालन, कुखुरापालन, मौरीपालनबाट रोजगार सिर्जना भएको छ । विद्युत खानेपानीको उपलब्धताले जीवनस्तरमा सहज पहुँच बन्दै गएको छ ।

*कमल गुरुङ (वर्ष ३०) का अनुसार संघीयतामा मानिसले धेरै अपेक्षा गरेको तर संघीयताबाट अपेक्षाकृत काम नभएकोले स्थानीयवासी उत्साहित छैनन । दिल माया गुरुङ ऊनबाट बख्खु बनाउने काममा लागेर आठदस हजारमा बिक्री गरी जिविको पार्जनका लागि राडी, पाखी,*

> *बख्खु बुन्ने काममा बुढी आमाहरू तल्लिन हुनुहुन्छ । बख्खु, राडी बुन्न २- ३ दिन लाग्ने गरेपनि भेडाको उन कात्न भने धेरै समय लाग्नाले दुख हुन्छ ।*

लैङ्गिक समानता, श्रम विभाजन निर्णयकारी भूमिकामा परिवर्तन हुँदै आएको छ। पर्यटकको आगमनमा वृद्धि हुँदै आएको छ। आन्तरिक र बाह्य पर्यटकका कारण मानिसको जीवनस्तरमा सुधार हुँदै आएको छ। संस्कृतिको आदान प्रदान गर्न सफल भएको छ। शिक्षा क्षेत्रमा र सामूहिक परिचालनको क्षेत्रमा क्रमशः सुधार हुँदै आएको छ। राजनीतिक सचेतनामा वृद्धि भएको छ।

**विकासका सम्भावनाहरू**

पर्यटकीय गाउँ भुजुङ र घलेगाँउका बीचमा घनपोखरा अवस्थित छ । मस्याङ्दी गाँउपालिका-१ म पर्ने घनपोखरा जिल्लाकै सबैभन्दा उचाइमा रहेको गाउँ हो । गाउँको १४ घरमा होमस्टे रहेका छन । यशोब्रह्म शाहका पालाका लमजुङ दरबार छ। यो दरबार १५५० सालमा निर्माण भएको मानिन्छ। यहाँ १७ घरमा होमस्टे छन् ।

> *जितबहादुर गुरुङका अनुसार, गुरुङ जातिको आदिमथलो क्होलासोँथरबाट आएर घनपोखरा बसेकाहरू अहिले संसारभरि छरेर बसेका छन।*

यहाँबाट करिब १५ वटा हिमाल आँखैअगाडि देखिन्छन। हिमालसँग सबैभन्दा नजिक भएको गाउँ घनपोखरा हो,' भएकोले यहाँ पर्यटकीय संम्भावना छ ।

> *देउबहादुर गुरुङका अनुसार बेसीसहर-३ मा पर्ने काउलेपानीलाई सन् २०१४ मा गाउँ पर्यटन प्रवर्द्धन (भिटोफ) ले उत्कृष्ट होमस्टे गाँउ घोषणा गरेपछि यहाँको रौनक छुट्टै छ । बेंसीसहरबाट आधा घण्टामै पुग्न सकिने काउलेपानीमा पर्यटक आगमन बढेको छ ।*

विसं २०१५ देखि विसं २०२६ सम्म 'राउन्ड अन्नपूर्ण ट्रेक'अन्तर्गत खुदी बजारबाट घनपोखरा, भुजुङ, ताङतिङ, सिक्लेसलगायत स्थानमा पदयात्री पर्यटक ठूलो सख्यामा हिँड्ने गरेकामा पछिल्लो समयमा जथाभावी बाटो खन्ने क्रमले उक्त पदमार्ग सङ्कटमा परेको छ । गाउँमा खनोपानी, सडकलगायत अत्यावश्यक सुविधा पुगिसकेको अवस्थामा पर्यटनको माध्यमबाट यहाँको विकास गर्न सकिन्छ।

> *जितबहादुर गुरुङका अनुसार घनपोखरामा प्राकृतिक दृश्यले पर्यटकलाई आकर्षिक गर्ने सम्भावना छ । सांस्कृतिक सम्पदा, स्थानीय संस्कृतिले पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्न सक्दछ । होमस्टे पर्यटन, स्थानीय स्तरमा होमस्टे सञ्चालनले पर्यटन विकासमा सहयोग पुर्‍याउन सक्दछ ।*

सम्भावनाहरूको दृष्टिले यस गाउँ सबल र सक्षम रहेको छ। यहाँ रहेका प्राकृति स्रोत साधन र यहाँका मानिसहरुको काम गराईको तोर तरिका, अतिथि सत्कारले गर्दा धेरै सम्भावनाहरू रहेका छन् । आम्दानीका लागि राइस मिल, काठ उद्योग, तोरी पेल्ने मिल, कुखुरा फर्म, मोवाइल पसल, ओषधी पसल, किराना पसलहरू टोलटोलमा, मासु पसल, कपडा फेन्सी पसल, फर्निचरआदि सन्चालन गर्न सकिन्छ (पन्त, २०७८) । सडक विस्तारसगैं सामान ढुवानी, खेतीपाती, पशुपालन भेडीगोठबाट आम्दानी गरी स्वरोजगार र आत्मनिर्भर बन्न सकिन्छ। होमस्टे, तुइन, कृषि, पशुपालन, कुखुरापालन, मौरीपालन, ब्युटी पार्लरबाट रोजगार, आत्मनिर्भर बन्न, चिया उद्योग सन्चालन गर्न सकिने सम्भावना छ। स-साना हस्तकलाका सामग्रीहरू राडीपाखी, बख्खु, डोका, नाम्ला, चकटी वेतको लौरोबाट आय आर्जन गर्न सकिन्छ।

> *दकेन्द्र गुरुङका अनुसार होमस्टे संचालन, स्वरोजगार, संस्कृतिको जर्गेना गर्न र युवा आकर्षण गर्न, गुरुङ संग्रहालबाट संस्कृतिको जर्गेना, ऐतिहासिक वस्तुहरूको प्रचार प्रसार संरक्षण, प्रवर्द्धन गर्न सकिने, मेला पर्व महोत्सव संचालन गरी आय आर्जनमा वृद्धि गर्न सकिन्छ ।*

पूर्खाको सम्मानका लागि स्थानीयवासीले अन्तिम घले राजाको सालिकसहित पार्कको निर्माण गरेका छन् । गाउँमै गुरुङ संस्कृतिको ज्वलन्त चित्रण गर्ने सार्क भिलेज पर्यटन संग्रहालय पनि स्थापना गरिएको छ। त्यहाँ पुराना हात हतियार, भाँडाकुँडा, जाँतो, गोलो घर, स्मारकहरू अनि गुरुङ जातिको

पुरातन सांस्कृतिक पोशाक हेर्न पाइन्छ (निरौला, २०७५ चैत २) । यी सम्भावनाहरूले यस गाउँ सबल र सक्षम रहेको छ ।

स्थानीय वातावरण वन पैदावार वातावरणीय सन्तुलन कायम गरी पर्यावरण, सस्तो सुलभ ढंगले वस्तु प्राप्त गर्न सकिन्छ ।

> *उमरबहादुर गुरुङ, पर्यटन व्यवस्थापन उपसमिति सिउरुङका सचिवका अनुसार अर्गानिक खानपानका लागि पर्यटक आउने गरेको छन । सिस्नो, गुन्द्रुक, निउरो, च्याउ खान पर्यटक यहाँ आउने गरेका छन । सिउरुङको १६ घरमा होमस्टेको सुविधा छ। बेसीसहरदेखि ३ घण्टाको जिपयात्रापछि सिउरुङ पुग्न सकिन्छ।*

यहाँको खानपान, मनमोहक दृश्य अवलोकन गर्न, परम्परागत गुरुङ रहन सहन संस्कृति घाटु, कृष्ण चरित्र, सेर्का नाच, असारे रोपाइँ आदि नाच मार्फत् पर्यटन विकास गर्न सकिने सम्भावनाहरू रहेका छन् । त्यहाँ वोटिङ, प्याराग्लाइडिङका कार्यक्रमहरूसंचालन गर्न सकिने र स्थानीय जडीबुटीहरूको समुचित प्रयोग गरी बिदेशी मुद्रा आर्जन गर्न सक्ने प्रवल सम्भावना रहेका छन् । युवा सशक्तीकरण, रोजगार सिर्जना, आय आर्जनमा वृद्धि गर्न, संस्कृतिको प्रचार प्रसार गर्न, स्वावलम्बी भएर देशको सेवामा लाग्न सकिने र आन्तरिक तथा बाह्य पर्यटकहरूको गन्तव्य स्थल बन्न पुगेको छ ।

दिगो पर्यटन सिद्धान्तअनुसार घनपोखरा पर्यटन विकासको प्रारम्भिक चरणमा रहेको देखिन्छ । यहाँ प्राकृतिक सौन्दर्य, हिमाली दृश्य, सांस्कृतिक परम्परा र ग्रामीण जीवनशैली पर्यटनका मुख्य आकर्षण हुन् । तर पर्यटनको तीव्र विस्तार भएमा वातावरणीय प्रदूषण, सांस्कृतिक व्यावसायीकरण र सामाजिक असमानता जस्ता समस्या पनि उत्पन्न हुन सक्छन् । त्यसैले दिगो पर्यटन सिद्धान्तले पर्यटन विकास गर्दा पर्यावरण संरक्षण, सांस्कृतिक संरक्षण र स्थानीय समुदायको हितलाई सन्तुलित रूपमा ध्यान दिनुपर्ने देखिन्छ । पहाडी दुर्गम स्थानमा अवस्थित लमजुङको घनापोखरा स्वदेशी तथा विश्वका विदेशी पर्यटकहरूको गन्तव्य स्थल बन्न पुगेको छ । भिरालो जमिन, माथिल्लो भागमा सुख्खा बारी, वेसीमा खेत वरीपरि हरियो डाँडाको वीचमा अहिले सयौं मानिसहरूले रोजगार प्राप्त गरिरहेका छन् । चुलो चौकामा सिमित महिलाहरू अहिले आय आर्जन गर्न समूह क्लवका कार्यक्रमहरूमा व्यस्त रहँदै आत्मनिर्भर बन्दै गएका छन् । तथापि समाजशास्त्रीय सिद्धान्तले पर्यटन विकासको सामाजिक प्रभाव र दीर्घकालीन दिगोपनको मूल्याङ्कनका आधारमा थप काम गर्न आवश्य देखिन्छ ।

## चुनौतीहरू

विभिन्न सम्पदास्थलको सामाजिक, सांस्कृतिक, आर्थिक तथा पर्यटकीय विकासको सम्भावना रहेको यस स्थानमा विकास र संरक्षणमा विभिन्न चुनौतीहरू रहेका छन् (रेग्मी, २०२५) । घनपोखरामा विद्युत, सञ्चार, खानेपानीको लगायत पूर्वाधारका व्यवस्था हुन सकेको छैन । घनापोखरामा रहेका समस्याहरू यस प्रकार छन् :-

> *देकेन्द्र गुरुङ अनुसार पर्यटन विकासका चुनौतीहरूमा पूर्वाधारको कमी, सडक, सञ्चार र आवास सुविधा कमजोर छन् । लगानी अभाव, स्थानीय स्तरमा पर्यटनमा पर्याप्त लगानी भएको छैन् । व्यवस्थापन समस्या, पर्यटन व्यवस्थापनका लागि स्पष्ट योजना अभाव छ ।*

पूर्वाधारको कमी, यातायात, शिक्षाको क्षेत्रमा समस्या रहेका छन् । व्यवसायिक ज्ञान, सीप, क्षमता र दृष्टिकोणको कमी रहेको छ । प्रचारप्रसार र समन्वयको कमी, फोहोरमैला व्यवस्थापन र सामूहिक सरसफाईको स्तर न्यून रहेको छ । स्थानीय वस्तु, सामग्रीको प्रयोग कम हुने गरेकाले निर्यात भन्दा आयात बढी हुने गरेको छ । साक्षरता दरमा यथोचित सुधार भएको छैन । गरीब तथा सीमान्तकृत वर्गमा चेतनाको अभाव छ (पन्त, २०७८) । सुविधाको पहुँचमा असमानता रहको छ । स्थानीय उत्पादनको सदुपयोगरी होमस्टेमा नयाँ स्वादका लागि दुरदृष्टी पुग्न नसक्नु, सेवा प्रवाहमा कमी रहेको छ ।

> *जिल्ला विकास समिति लमजुङका पूर्वसभापति हेमजङ्ग गुरुङका अनुसार प्राचीन गुरुङ गाउँका रूपमा रहेको घनपोखरामा वि.सं. २०१० देखि विसं २०२२ सम्म घना बस्ती रहेकोमा पछिल्लो समयमा देशव्यापी देखिएको बसाइँसराइको समस्याले बस्ती पातलिँदै गएको छ ।*

सेवा सुविधाको कमिले बसाइँसराइको समस्या छ। घनपोखरा खुदी खोला, मिडिम नदी र अन्य खोलाको जलस्रोतमा धनी भए तापनि खेतीपाती सिँचाइका लागि मनसुनी वर्षामा निर्भर हुनु ठूलो चुनौती रहेको छ। किसानहरूले परम्परागत सिँचाइ प्रणाली कुलामा निर्भर छन। रोपलेफाँट क्षेत्र साविक (वार्ड नम्बर ५) मा मात्र पक्की सिँचाइ कुलो रहेको छ। पानीको स्रोत समुदायबाट टाढा भएकाले पानीको अभाव छ।

## छलफल

समाज र मानव जीवन परिवर्तनशील छ। यहीँ परिवर्तनशील प्रवृत्तिका कारण मानिसले आफूले विकास गरेका नविन प्रविधि, खोज आविष्कारबाट जीवनलाई सरल, सहज, आरमदायी बनाउँदै आएका छन। मानव उद्विकासको प्रारम्भिक कालदेखि वर्तमान प्रतिस्पर्धी वैज्ञानिक युगमा आइपुग्दा मानिसले आफ्नो संस्कृतिमा क्रमशः सुधार परिवर्तन गर्दै आएका छन्। नेपालको भौगोलिक स्थानमध्ये लमजुङको घनापोखराको संस्कृति आन्तरिक तथा बाह्य पर्यटन क्रमशः विश्व्यापी बन्दै गएको छ। गुरुङ संस्कृतिको ज्वलन्त चित्रण गर्ने सार्क भिलेज पर्यटन संग्रहालय पनि स्थापना, पुराना हात हतियार, भाँडाकुँडा, जाँतो, गोलो घर, स्मारकहरू, गुरुङ जातिको पुरातन सांस्कृतिक पोशाक सम्भावनाका क्षेत्र हुन ( निरौला, २०७५, चैत २)। प्राकृतिक स्रोत साधन जनशक्ति व्यवस्थापनसँगै गरी राजश्व संकलन गरी पूँजीको समुचित प्रयोग तात्कालीन, अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाएर तिनीहरूको राम्रो प्रयोग र कार्यान्वयन गर्न सकेको खण्डमा हजारौँ पर्यटकहरू भित्राउन सकिने छ।

जिविकोपार्जनका लागि यहाँ राइस मिल, काठ उद्योग, तोरी पेल्ने मिल, कुखुरा फर्म, मोवाइल र प्रविधि, ओषधी पसल, किराना पसलहरू टोलटोलमा, मासु पसल, कपडा पसल, फर्निचरको सन्चालन गर्न सकिन्छ (पन्त, २०७८)। पर्यटनको विकाससँगै होटल रेष्टुरेण्ट गतिविधिबाट बेरोजगारी समस्या समाधान गर्न सकिन्छ। आर्थिक विविधतामा प्रत्यक्ष रोजगारी तथा श्रम प्रदान गर्न सकिन्छ (उपाध्याय, २००६)। यी गतिविधिले गर्दा बाँच्नको लागि संघर्ष गर्दै हाम्रा संस्कृति, रहनसहन, परम्परा विश्वव्यापी भइ कुनै पनि भू-भागमा, कुनाकन्दरामा रहेको संस्कृति प्रचार प्रसार हुँदै आएको छ।

देशमा स्थानीय तहमा रहेका यस्ता विभिन्न सम्पदास्थलहरूको सामाजिक, सांस्कृतिक, आर्थिक तथा पर्यटकीय विकासको ठूलो सम्भावना हुँदाहुँदै पनि यी क्षेत्रको विकास र संरक्षणमा अनेक चुनौतीहरू रहेका छन् (रेग्मी, २०२५) घनपोखरामा विद्युत, सञ्चार, खानेपानीको समस्या रहेपनि विकासका सबै पूर्वाधारको व्यवस्था हुन सकेका छैनन।

घनापोखरामा पर्यटन विकासका चुनौतीहरूमा पूर्वाधारको कमी, सडक, सञ्चार र आवास सुविधा स्तरीय बन्न सकेका छैनन्। स्थानीय स्तरमा पर्यटनमा पर्याप्त लगानी भएको छैन। पर्यटन व्यवस्थापनका लागि स्पष्ट योजना अभाव छ। यहाँ रहेका स्रोत साधनहरू जल, जमिन, जङ्गल, खानीको समुचित प्रयोग बिना अपेक्षित विकास हुन सक्दैन।

ग्रामीण विकास सिद्धान्त (Michael Todaro) ग्रामीण विकास आर्थिक वृद्धि, सामाजिक रुपान्तरण र जीवनस्तर सुधारसँग सम्बन्धित छ। घनपोखरामा पर्यटन विकासले स्थानीय रोजगारी, आय र सामाजिक परिवर्तन ल्याउन सक्दछ। यसैगरी दिगो पर्यटन सिद्धान्तमा Richard Butler को Tourism Area Life Cycle Model अनुसार पर्यटन विकास चरणगत रूपमा हुन्छ। घनपोखरा पर्यटन विकासको प्रभावकारी रुपमा रहेकोले क्रमश विकास हुने देखिन्छ। समुदायमा आधारित पर्यटन सिद्धान्तमा Murphy (१९८५) अनुसार स्थानीय समुदायको सहभागिता बिना पर्यटन दिगो हुन सक्दैन। घनपोखरामा स्थानीय समुदायको सक्रिय सहभागिता पर्यटन सफलताको आधार बन्न सक्दछ। माथिका तीनवटै सिद्धान्तहरू ग्रामीण विकास, दिगो पर्यटन र समुदायमा आधारित पर्यटन–परस्पर पूरक रूपमा कार्य गर्छन्।

स्थानीय तह र समग्र देशमा रहेका स्रोत साधनको प्रयोग गर्न आवश्यक पर्ने पूँजी, मानवीय स्रोत अन्तर्गत अर्धदक्ष र अदक्ष सबै सीप, दक्षता, क्षमता भएका शक्तिको समूचित प्रयोग विना देश विकास सम्भव छैन। बसाइँसराइका कारण स्थानीय भाषा, संस्कृति भेषभूषा, नृत्य लोपन्मुख अवस्थामा रहेका छन्। युवावर्गलाई आकर्षण गर्न नसक्नु, युवा पलायनको समस्या यहाँका प्रमुख चुनौती रहेको

छन् । विपद् र जोखिम व्यवस्थापन योजना अनुरुप संचालन हुन नसक्नु, स्थानीय स्रोत साधन जडिबुटीको उचित प्रयोग व्यवस्थापन र संरक्षण हुन नसक्नु, सामूहिक उचित समन्वयको अभावमा आपसी द्वन्द्व सिर्जना गरेको देखिन्छ ।

भौगोलिक विकटताका कारण देखिएका समस्या समाधान हुन नसक्नु, वेमौसमी खेतीपाती संचालनमा नरहेकोले महङ्गी बढी रहेकोले सबै तह र तम्काका मानिसलाई जीवनयापन गर्न समान अवस्था नहुनु यहाँका प्रमुख समस्या रहेका छन् । नेपालका अन्य पर्यटन गाउँहरू जस्तै घलेगाउँ र सिरुबारीसँग तुलना गर्दा घनपोखरामा पर्यटन सम्भावना भए तापनि पूर्वाधार कमजोर देखिन्छ । राज्यलाई आत्मनिर्भर, युवालाई स्वरोजगार बनाउन नसकेको अवस्था छ । यसको आधारमा विश्लेषण गर्दा मौलिक संस्कृति, विभिन्न नाँच, पर्व, संस्कार तथा प्राकृतिक स्रोत, साधन, जलसम्पदा, जडीबुटीका कारण भुजुङको भविष्य सुन्दर देखिन्छ ।

## निष्कर्ष

घनपोखरा गाउँ पर्यटन विकासका लागि प्राकृतिक र सांस्कृतिक रुपमा अत्यन्त सम्भावनायुक्त क्षेत्र हो । तर पूर्वाधारको कमी, लगानी अभाव र संस्थागत व्यवस्थापनको कमजोरीले पर्यटन विकासमा चुनौती सिर्जना गरेको छ । स्थानीय समुदायको सहभागिता, सरकारी सहयोग र दीगो पर्यटन योजना मार्फत यस क्षेत्रलाई महत्वपूर्ण पर्यटन गन्तव्य बनाउन सकिन्छ । भौगोलिक विकटता भित्र देखिएका विविध सम्भावनाबाट पाठ सिकेर देशका अन्य स्थानमा पनि पर्यापर्यटन, होमस्टे, जडिबुटि व्यवस्थापन स्थानीय संस्कृति आदिको प्रयोग गरी बढ्दो वेरोजगारी समस्या, वौद्धिक पलायन रोक्न आवस्यक छ । रोग, शोक भोक र अभावमा जीविको पार्जन गर्ने प्रवृत्तिको अन्त्य गर्न अब सबै सचेत नागरिक एक हुनुपर्छ । वर्ग, लिंङग, जाति, पाटी, साथी, तेरो मेरोमा बेरिएर होइन, अब नेपालीलाई असम्भवबाट सम्भव बनाउन तथा बन्न तथा कही अवसर पाईंदैन । कही अवसर छैन भन्नेलाई अबसर जतातर्तै छ र पाइन्छ भनी प्रमाणित गर्न सकिन्छ । अब अवसर सिर्जना गर्नमा सवै तहका सरकार, राजनीतिक दलहरूले स्वच्छ शासन पद्धति, दिगो सरकार र विकासका लागि योजना बनाएर पूर्ण रुपमा जनसहभागितामुलक ढंगले नीतिको अवलम्वन गरेर काम गर्न आवश्यक छ । सरकार, जनता र निजी क्षेत्रको आपसी समन्वयबाट  घन पोखरा लगायतका क्षेत्रमा दिगो पर्यटकीय विकास सम्भव रहेकोले यस्ता सम्भावना बोकेका स्थानको परिचयबाट देशको मुहार फेर्न, आत्मरनिर्भर बन्न सबैले आ-आफ्नो क्षेत्रबाट हातेमालो गर्न आवश्यक छ ।

**Ethical approval for the research:** Not applicable

Consent for publication: Not applicable

**Conflict of interest:** The author does not have any conflict of interest with any institutions concerning this research

**Ethical conduct of research:** This paper is written ethically

## सन्दर्भसामग्री सूची

उपाध्याय रेग्मी, रूद्रप्रसाद र तिवारी, देवेन्द्रप्रसाद (२०६४), *पर्वत जिल्लामा पर्यटनका समस्या र सम्भावनाहरू,* पर्वत विकास पुञ्ज, पर्वत विकास समाज ।

काफ्ले, डोलराज (सन २०१६), *नेपालमा पर्यावरणीय र सांस्कृतिक पर्यटन,* हिसान, हिस्ट्री एसोसियसन अफ नेपाल ।

केतका (२०७९), *जनगणना प्रतिवेदन,* नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, केन्द्रीय तथ्याङ्क कार्यालय ।

जि.वि.स लमजुङ (२०७१), *लमजुङ जिल्लाको वस्तुगत विवरण, २०७०,* लमजुङ, जिल्ला विकास समितिको कार्यालय ।

के.त.वि. (२०७८), *राष्ट्रिय जनगणना २०७८, संक्षिप्त नतिजा, नेपाल सरकार, राष्ट्रिय योजना आयोगको सचिवालय,* केन्द्रीय तथ्यांक विभाग ।

गौतम, मुरारीकृष्ण (२०२३ सन्), *नेपालको समृद्धिमा सांस्कृतिक र पर्यावरणीय पर्यटन,* हिसान, हिस्ट्री एशोसियसन अफ नेपाल ।

गुरुङ, रुद्रशंकर, (२०६५), *भुजुङका आकर्षक विषयवस्तुहरु, स्वर्ण स्मारिका लमजुङ,* श्री त्रिभुवन माध्यमिक विद्यालय लमजुङ ।

जिल्ला वन कार्यालय लमजुङ, (२०६०), *जिल्ला वन कार्यालय लमजुङको गतिविधि-२०६०,* लमजुङ: जिल्ला वन कार्यालय

निरौला, सुजन (२०७५ चैत २), एकचोटि घुमौं घलेगाउँ, *घनपोखरा र भुजुङ* (फोटो फिचर), *अनलाइन खवर https://www.onlinekhabar.com/2019/03/750362*

*नेस (२०७५), नेपालको संविधान, नेपाल सरकार, कानुन किताव व्यवस्था समिति ।*

पन्त, सरोजराज (२०७४), *भुजुङ गाउँ लमजुङ, सामाजिक जनजीवन कृषि, पर्यावरण तथा गार्मिण पर्यटन,* बिए तृतीय वर्ष, त्रि.वि. बि.ए समाजशास्त्र, मानवशास्त्र अध्ययन समूह ।

पन्त, सरोजराज (*२० चैत्र,* २०७८), पर्यटकीय गाउँ लमजुङको घनापोखरा, *बागलुङपोष्ट अनलाइन पत्रिका, बागलुङ २० चैत्र २०७८ ।*

पन्त सरोजराज (*२० चैत्र,* २०७८), पर्यटकीय गाउँ लमजुङको घनापोखराका विकासका चुनौति र सम्भावनाहरु, *धवलागिरि जागरण राष्ट्रिय दैनिकी र अनलाइन पत्रिका, बागलुङ ।*

पन्त, शास्त्रदत्त (२०६८), *हिमाली राष्ट्रिय निकुञ्ज र पर्यटन विकास,* ग्रामीण विकास प्रतिष्ठान (सिरूड) ।

पुरी, उद्धव (२०५६), *पर्यटन र विकास,* तलेजु प्रकाशन ।

पोखेल, खेमराज र कार्की, गोविन्दमान सिंह (२०५५), *पर्यटन र विकास,* अनुराग प्रकाशन ।

रेग्मी, हिरालाल (२०२५), स्थानीय तह ग्रामीण पर्यटन *प्रज्ञासारथि* ७५-८४ https://doi.org/10.3126/ps.v23i1.77532

स्थलगत अवलोकन भ्रमण, (२० चैत्र, २०७८), घनपोखरा लमजुङ ।

स्थानीयवासीसंगको अन्तवार्ता, (२० र २१ चैत्र, २०७८), घनपोखरा लमजुङ ।

लमजुङ जिल्लाको तथ्यांकीय झलक (२०७४), तथ्याङ्क कार्यालय, गोरखा ।

लमजुङ जिल्लाको वस्तुगत विवरण (२०७४), *केन्द्रीय तथ्याङ्क विभाग तथ्याङ्क कार्यालय,* (गोरखा, लमजुङ, मनाङ) तथ्याङ्क कार्यालय, गोरखा ।

Butler, R. (1980). *The concept of a tourist area cycle of evolution*. Canadian Geographer.

Murphy, P. (1985). *Tourism: A community a pproach.* Routledge.

Pradhananga, S. B. (2003). *Tourist consumption pattern and its economic impact in Nepal*. Delhi-Adroit, Publishers.

Sapkota, T., Upreti, B. R., & Upadhyaya, P. K. (2013). *Tourism in Pokhara: Issues, trends and future prospects for peace and prosperity. Pokhara Tourism Council (PTC).* South Asia Regional Co-ordination office of (NCCR) North south and Nepal Centre for Contemporary Research.

Sharpley, R. (2002). *Rural tourism and the challenge of tourism diversification*. Tourism Management.

Shrepa, Y. (2009). *Tourism in Nepal.* Asmita Books Publishers and Distributors.
Todaro, M., & Smith, S. (2015). *Economic development.* Pearson.
UNWTO (2018). *Tourism and rural development.* UNWTO.
Upadhyaya, R., & Agarwall, M. K. (2006). *Tourism and economic development in Nepal*. Northern Book Center.

## About the Author

Saroj Raj Panta (https://orcid.org/0000-0002-5745-6100) is a PhD scholar and works as a teaching assistant at the Sociology and Anthropology department of Dhawalagiri Multiple Campus, Baglung, Tribhuvan University, Nepal. Apart from his teaching duties, he is a prolific writer and writes a dozen books as well as on current issues for journals and the local and national media. Transformation learning, culture, gender, tourism, human wildlife conflict, disaster management, and ethnicity are among his areas of interest. He has received numerous awards, including the Ratna Shrestha Provincial Award, the National Education Award from the Government of Nepal in 2069 BS, the Hari Laxmi Narayan Prasad Memorial Journalism Award, and the District Education Prize.